# सुतनु जातक

## (मातृपोषक भिक्षुको कथा)


अनुवादक

आचार्य भिक्षु अमृतानन्द



प्रकाशक

बुद्धाचार्य परिवार

मोहरिया टोल, पोखरा,

गण्डकी अञ्चल,

नेपाल ।

बु. सं. २५०२३

वि. सं. २०३६


निःशुल्क वितरण ।

Downloaded from http://dhamma.digital

# सुतनु जातक

## (मातृपोषक भिक्षुको कथा)

अनुवादक

**आचार्य भिक्षु अमृतानन्द**

प्रकाशक

**बुद्धाचार्य परिवार**

मोहरिया टोल, पोखरा,

गण्डकी अञ्चल,

नेपाल ।

बु. सं. २५०२३

वि. सं. २०३६

निःशुल्क वितरण।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# दुइ शब्द

प्रस्तुत पुस्तिका पोखरा मोहरिया टोल, गण्डकी अञ्चल नेपालमा बस्ने दिवंगता श्रीमती सन्तलक्ष्मी बुद्धाचार्यका पुत्र-पुत्रीहरुको इच्छा अनुसार आमाको नाउँमा निःशुल्क वितरण गर्नकोनिमित्त त्रिपिटक पालिसाहित्यको जातक साहित्यबाट अनुवाद गरेको मातृपोषक भिक्षुको एक कथा हो ।

श्री चेतमान बुद्धाचार्य आदिकी आमा सन्तलक्ष्मी बुद्धाचार्य विक्रम सम्बत् १९७१ श्रावणकृष्ण तृतीया बुधबारको दिन पाल्पातानसेन लुम्बिनी अञ्चलमा जन्मेकी थिइन् । जसले मलाई भाईपूजा पनि गरेकी थिइन् ।

पछि पोखरा मोहरिया टोल बस्ने सुप्रसिद्ध श्री दिल्लीमान बुद्धाचार्यसंग शुभविवाह सुसम्पन्न भएको थियो । वहाँहरुका निम्न चार पुत्रहरू र पांच पुत्रीहरू छन् । जस्तं —

Downloaded from http://dhamma.digital

१. चेतमान बुद्धाचार्य
२. तुलामान बुद्धाचार्य
३. पुष्करमान बुद्धाचार्य
४. अशोकमान बुद्धाचार्य

१. तुलसीमाया शाक्य
२. हीरामाया बज्राचार्य
३. भुवनेश्वरी बज्राचार्य
४. पञ्चमाया बज्राचार्य
५. महालक्ष्मी बज्राचार्य ।

श्रीमती सन्तलक्ष्मी बुद्धाचार्य आफ्ना पुत्र-पुत्रीहरूको लालन पालन गर्नमा मात्र व्यस्त थिइनन् किन्तु उनीहरूको भविष्यको लागि आधुनिक तरिकाले शिक्षादिक्षा दिलाउनमा पनि विशेष चिन्तित थिइन् । फलस्वरूप श्रीमती सन्तलक्ष्मी बुद्धाचार्यले आफ्ना सबै पुत्र-पुत्रीहरूलाई यथोचित शिक्षादिक्षा दिलाउनमा पनि सफल भइन् ।

बुद्धको अमृतवाणी अनुसार जराब्याधिले मनुष्य देहलाई घेरि-राखेको हुन्छ । यो संसारमा जन्मिने प्राणीहरू कुनै पनि ब्याधिमरणबाट मुक्त हुन सक्ने होइनन् । थेरथोर ब्याधि सबैलाई भइनै रहन्छ ।

श्रीमती सन्तलक्ष्मी बुद्धाचार्यलाई पनि २०१२ सालदेखि ब्याधिले छुन थालेको थियो । खासगरी पेट दुख्ने र दमको रोगले आक्रमण गरेको थियो । उपचारको लागि वहाँका पति सहित पुत्र-पुत्रीहरूले नलगेको ठाउँ छैन । उपचारको लागि कहिले काठमाडौंमा ल्याइयो भने कहिले भारतमा पनि पुऱ्याइएको थियो । हुनेसम्म उपाय गर्दागर्दै पनि २०३६ साल आषाढ ७ गते द्वादशी बृहस्पतिबार बिहान पति सहित पुत्र-पुत्रीहरूलाई रुवाई यो नःश्वर देहलाई त्यागी परलोक भइन् ।


Downloaded from http://dhamma.digital

शोक सन्तप्त पति सहित पुत्र-पुत्रीहरूले बुद्धिमानितापूर्वक आफ्नी दिवंगता आमाको चिरशान्तिको कामना गरी प्रस्तुत पुस्तिका छपाई निःशुल्क वितरण गरी ठूलो पुण्य कमाएका छन्। "सबै दानभन्दा धर्मदान नै ठूलो दान हो" भन्ने बुद्धवचनलाई चरितार्थ गर्दै वहाँहरूले सबैले प्रशंसनीय श्राद्ध गरेकोमा हामी पनि अनुमोदन गर्दछौं।

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।
कार्तिक १, २०३६

Downloaded from http://dhamma.digital



## स्वर्गीय सन्तलक्ष्मी बुद्धाचार्य

जन्म : १९७१ साल श्रावणकृष्ण तृतीया बुधबार ।

मृत्यु : २०३६ साल आषाढ ७ गते द्वादशी बृहस्पतिबार ।

### वहाँका पुत्र-पुत्रीहरू —

| | |
|---|---|
| १. चेतमान बुद्धाचार्य | १. तुलसीमाया शाक्य |
| २. तुलामान बुद्धाचार्य | २. हीरामाया वज्राचार्य |
| ३. पुष्करमान बुद्धाचार्य | ३. भुवनेश्वरी वज्राचार्य |
| ४. अशोकमान बुद्धाचार्य | ४. पञ्चमाया वज्राचार्य |
| | ५. महालक्ष्मी वज्राचार्य |

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# सुतनु जातक

"राजाते भत्त'न्ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक मातृपोषक भिक्षुको कारणमा बताउनु भएको हो ।

## वर्तमान कथा

१८ कोटी सम्पत्ति हुने श्रावस्तीका एक श्रेष्ठीका आमाबाबुको अति प्यारो एक मात्र पुत्र थिए । एकदिन प्रासादमाथि गई झ्याल उघारी सडकमा हेर्दा धर्मश्रवणको लागि गन्धमालाहरू हातमा लिई महाजनहरू जेतवनमा गइरहेको उनले देखे । "म पनि जानेछु" भनी गन्धमालादि लिन लगाई विहारमा गई वस्त्र, औषधी र सर्वतहरू संघलाई दिन लगाई गन्धमालादिद्वारा भगवान्लाई पूजागरी एक छेउमा बसी धर्मश्रवण गरे । अनि कामविषयहरूको दोष र प्रव्रज्याको

---

१. जा. पा. I. पृ. १४८: सुतनुजातकं, नं. ३९८, अ. क. III. पृ. २२७.

Downloaded from http://dhamma.digital

गुणमाथि विचार गरी परिषद् गइसकेपछि भगवान्सँग प्रव्रज्या माग्दा आमाबाबुको अनुमति पाउनेलाई मात्र तथागतले प्रव्रज्या दिनुहुन्छ भन्ने कुरा थाहा पाएर घरमा गई एक हप्तासम्म निराहार बसी आमाबाबुको अनुमति पाए । अनि आएर भगवान्सँग प्रव्रज्या मागे । शास्ताले एक भिक्षुलाई अह्राउनु भयो । भिक्षुले उनलाई प्रव्रजित गराइदिए । प्रव्रजित भएपछि उनलाई महालाभसत्कार उत्पन्न भयो । आचार्य उपाध्यायहरूलाई प्रसन्नपारी उपसम्पदा[1] पाएपछि उनले पाँच वर्षसम्म धर्म सम्बन्धी अध्ययन गरे । "म यहाँ आकीर्ण भई बस्छु । यो मेरो लागि अनुकूल छैन । जंगलमा गई विपश्यनाध्यान पूरा गर्नेछु" भन्ने इच्छा गरी उपाध्यायसँग कर्मस्थान (=ध्यान विषय) लिई एक प्रत्यन्त गाउँमा गई त्यहाँको जंगलमा बस्नथाले । त्यहाँ विपश्यनाध्यान गरी बाह्र वर्षसम्म कोशिस गरेर पनि उनले केही विशेषता प्राप्तगर्न सकेनन् ।

उनका आमाबाबुहरू पनि समय बित्दै गएपछि गरीब भए । ज-जसले उनीहरूसँग खेत वा ब्यापार गर्दथे उनीहरूले सोचे "यो कुलमा छोरा वा दाजुभाइहरू कोही छैनन् जसले हामीले लिएको वस्तु फीर्ता लिनसकोस्" भनी आ-आफ्ना हातमा परेका वस्तुहरू लिई भागेर गए । घरका दास कामदारहरू पनि हिरण्य-सुवर्णादि लिएर भागेर गए । पछि गएर दुइजना मात्र बाँकी भए । हात धुने पानीसम्म पनि नपाई घर बिक्री गरी बेघर भई अत्यन्त दयनीय अवस्थामा पुगी फाटेको कपडा लगाई हातमा कपाल लिई भिक्षा मागी जीविका गर्नथाले ।

---

१. पूर्ण भिक्षुत्वलाई 'उपसम्पदा' भनिन्छ ।

Downloaded from http://dhamma.digital

त्यसबखत एक भिक्षु जेतवनबाट निस्की सो भिक्षु बस्ने ठाउँमा गए। उनले भिक्षुलाई आतिथ्यसत्कारगरी सुखपूर्वक बसाएपछि "कहाँबाट आउनु भएको हो ?" भनी सोधे।

"जेतवनबाट" भनी भनेपछि शास्ताको र महाश्रावकहरूको आरोग्यता सोधी आमाबाबुहरूको बारेमा पनि सोधे। "भन्ते ! श्रावस्तीमा अमुक श्रेष्ठी कुलको के हालखबर छ त ?"

"आवुसो सो कुलको बारेमा केही नसोध।"

"भन्ते ! किन ?"

"त्यस कुलको एउटै मात्र पुत्र थियो। उ शासनमा प्रव्रजित भयो। उ प्रव्रजित भएदेखि यस्तो यस्तो भई सो कुलत हासनास भयो। अब ती दुवैजना अत्यन्त दरिद्री भई भिक्षा मागेर खाँदैछन्।"

यो कुरा सुन्दासुन्दै सो भिक्षु आफ्नो स्वभावमा बस्न नसकी गहभरी आँसुपारी रुनथाले।

"आवुसो ! किन रोएको ?" भनी सोध्दा "भन्ते ! उनीहरू मेरा आमाबाबुहरू हुन्। म उनीहरूको छोरो हुँ" भनी भने।

"आवुसो ! तिम्रा आमाबाबुहरू तिम्रो कारणले विनाश भए। जाऊ गएर उनीहरूको हेरचाह गर।"

"बाह्र वर्षसम्म मेहनतगर्दा पनि कुनै मार्ग वा फल पाउन सकिन। गृहस्थी हुनेछु। प्रव्रज्याले मलाई के गर्ला र ? गृहस्थी भई आमाबाबुहरूको पोषण गरी दानदिई स्वर्गपरायण हुनेछु" भन्ने सोचेर

Downloaded from http://dhamma.digital

अरण्यविहार उनलाई सुम्पिदिई अर्को दिनमा निस्केर क्रमशः श्रावस्ती-बाट जेतवनको पछाडिपट्टिको केही नजिकको विहारमा उनी आइपुगे। त्यहाँ दुइवटा बाटाहरू छन्। एक जेतवनमा जाने र अर्को श्रावस्तीमा जाने। उनी त्यहाँ उभिई "के गरौं ? पहिले आमाबाबुलाई भेटौं कि अथवा शास्तालाई ?" भन्ने सोचेर "मैले आमाबाबुहरूलाई धेरैदिन-सम्म देखिसकेकोछु। अबदेखि बुद्धको दर्शनगर्नु मेरोनिमित्त दुर्लभ हुनेछ। अतः आज सम्यक्सम्बुद्धको दर्शनगरी धर्म सुनेर भोलि बिहान सबेरै आमाबाबुसंग भेट्नेछु" भनी श्रावस्ती जाने बाटो छाडेर संध्यासमयमा जेतवनमा पुगे।

त्यसदिन बिहान सबेरै लोकमा हेरिरहनुभएका बुद्धले यो कुलपुत्रको उपनिश्रय-सम्पत्ति देख्नुभयो। अनि उनी आएको बेलामा उनलाई मातिपोसक (=मातृपोषक) सूत्रद्वारा[1] आमाबाबुको गुण वर्णना गर्नुभयो। परिषद्को एकातिर बसी धर्मश्रवण गरिरहेका सो भिक्षुले यस्तो सोचे—"मैले चाहिं गृहस्थी भएर आमाबाबुको हेरचाह गर्नेछु भन्ने कुरा सोचेको थिएँ। शास्ताले चाहिं प्रव्रजित पुत्र पनि उपकारक नै हो भनी भन्नुहुन्छ। यदि म बुद्धकहाँ नआएको भए यस्तो दुर्लभ प्रव्रज्याबाट परिहानी हुने थिएँ होला। अब भने गृहस्थी नभइकनै प्रव्रजित भएर नै आमाबाबुहरूको पालनपोषण गर्नेछु।"

---

१. यो सूत्रको अनुवाद लेखकको बुद्धकालीन ब्राह्मण भाग–१, को पृष्ठ ६ मा छ।

Downloaded from http://dhamma.digital

यति सोचेर उनले सलाक[१] ग्रहण गरी सलाकभोजन र सलाकयागु पनि लिएर बाह्र वर्षसम्म जंगलमा बसेका यी भिक्षुलाई मानो पाराजिका[२] दोष लागेको जस्तो अनुभव हुनथाल्यो ।

बिहान सबेरै श्रावस्तीमा गई "के गरुँ ? पहिले यागु ल्याउँ कि अथवा आमाबाबुलाई नै हेर्न जाऊँ ?" भन्ने सोचेर "दरीद्रहरूकहाँ जानेले खालीहातले जानु योग्य हुन्न" भनी यागु लिई उनीहरूको पुरानो घरद्वारनिर गए । आमाबाबुहरू यागु भिक्षाटन् गरी कुनै एक परखालमा गई बसिरहेका देखेर गहभरी आँसु भएका उनी केहीछिन उनीहरूको नजिक उभिइरहे । उनीहरूले उनलाई देखेर पनि चिन्न सकेनन् । अनि उनकी आमाले शायद भिक्षार्थ उभिइरहेका होलान् भनी "भन्ते ! तपाइलाई दिन योग्य वस्तु केही छैन, जानुहोस्" भनी भनी । उसको कुरा सुनेर हृदयभरी शोक र आँखाभरी आँसु लिएर उनी उहीं उभिइरहे । दोश्रो तेश्रो पटकसम्म भन्दा पनि उनी उहीं नै उभिइरहे । अनि उनका पिताले आमा चाहिंलाई भने—"हेर त, जाऊ, शायद यी तिम्रो छोरो त होइन ?" उठेर गई हेर्दा चिनेर खुट्टामा परी रुनथाली । पिताले पनि त्यस्तै गर्‍यो । त्यसबखत बडो दयनीय स्थिति

---

१. सलाक भनेको काठको स्यानो टुक्रा हो । बुद्धको पालामा निम्तो बाँडदा काठको टुक्रा (=सलाक) दिएर बाँडद थिए । आजकलको भाषाले भन्ने हो भनी 'टिकट' भने पनि हुन्छ ।

२. पाराजिका भन्ने दोषहरू चारवटा छन् । जुनमध्ये कुनै दोष लाग्दा भिक्षु, भिक्षुत्वबाट च्युत हुइन्छ । पराजित भएको जस्तो हुन्छ ।

Downloaded from http://dhamma.digital

थियो । उनले पनि आमाबाबुलाई देखेर आफ्नो स्वभावमा बस्न नसकी आँसु बघाउन थाले । शोकलाई धैर्य गरी उनले—"चिन्ता नगर्नुहोस् तपाइहरूको पोषण म गर्नेछु" भनी आमाबाबुहरूलाई धैर्य दिई यागु पियाई एक छेउमा बसाली फेरि भिक्षा ल्याएर उनीहरूलाई खुवाई आफ्नोनिमित्त भिक्षा खोजी उनीहरूकहाँ गई पुनः भात चाहिन्छ कि भनी सोधी भोजन गराई उनीहरूलाई एक ठाउँमा बसाले । त्यहाँदेखि उनले आमाबाबुहरूको सेवा गर्नथाले । आफूले पाउने पाक्षिक भोजनहरू[१] पनि उनीहरूलाई दिई स्वयं भिक्षाटन् गरी पाएमा खान्थे । वर्षावासिक[२] वस्त्र तथा अरू पनि केही पाएमा उनीहरूलाई नै दिन्थे । उनीहरूले लगाइराखेको कपडा टालो रंगाएर स्वयंले लगाउँथे । भिक्षा लाभहुने दिनहरूभन्दा पनि लाभ नहुने दिनहरू नै धेरै थिए । उनले लगाउने वस्त्रहरू सारै फुत्रा थिए । आमाबाबुहरूको सेवा गर्दा गर्दै पछि गएर थिनी दुब्ला र पहेंला भएर गए । अनि उनका साथी मित्रहरूले सोधे—"आवुसो अघि तिम्रो शरीरवर्ण राम्रो थियो । अहिले चाहि तिमी दुब्लो र पातलो भई पहेंलो भएर जाँदैछौ । तिमीलाई रोग लागेको छ कि क्याहो ?"

उनले भने—"आवुसो ! मलाई कुनै रोग लागेको छैन । तर केही बाधा भने अवश्य पनि छ भनी त्यो कुरा उनै सुनाए ।"

"आवुसो ! शास्ता भन्नुहुन्छ कि श्रद्धाले दिएको वस्तु विनिपात

---

१. दुइ हप्ताको एकपल्ट पाउने भोजन ।

२. वर्षावासभित्र पाइने वस्त्रहरू ।

Downloaded from http://dhamma.digital

गर्न दिनुहुन्न । तिमी चाहिं श्रद्धाले दिएको वस्तु लिएर गृहस्थीलाई खुवाएर अयोग्य गर्दैछौ ।"

उनीहरूको यो कुरा सुनेर लज्जित भई शीर निहुन्याई बसे । उनीहरू यत्तिले सन्तुष्ट नभई गएर "भन्ते ! अमुक भिक्षुले श्रद्धाद्वारा पाएको वस्तु विनिपात गर्दैछन् र गृहस्थीको पोषण गर्दैछन्" भनी शास्तालाई सुनाए । शास्ताले त्यो कुलपुत्रलाई बोलाउन पठाई— "साँच्चैंहो के भिक्षु ! श्रद्धाद्वारा पाएको वस्तुद्वारा तिमीले गृहस्थीको पोषण गर्दैछौ ?" भनी सोध्नु भएपछि "साँच्चैंहो भन्ते !" भनी भनेपछि उनको त्यो सु-कर्मको प्रशंसा गर्ने मनसुवा र फेरि आफ्नो पूर्वचर्याको कुरा प्रकाश गर्ने इच्छा गर्नुभई "भिक्षु ! गृही पोषण गर्दा कसलाई पोषण गर्दैछौ त ?" भनी सोध्नुभयो ।

"भन्ते ! आमाबाबुलाई ।"

अनि शास्ताले उनलाई उत्साहित पार्नु हुँदै "साधु ! साधु !!" भनी तीन पटकसम्म साधुकार दिनुभई "तिमी म गएको बाटोमै हिंडेकाछौ । अघि चर्या पूरा गरिरहेको बेलामा मैले पनि आमाबाबुको पोषण गरेको थिएँ" भनी भन्नुभयो । अनि सो भिक्षु उत्साहित भए । भिक्षुहरूले त्यो पूर्वचर्याको कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

## अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको

Downloaded from http://dhamma.digital

बेलामा बोधिसत्व एक दरीद्र गृहपतिको कुलमा जन्मे। सुतनु भन्ने उनको नामकरण गरियो। बैंश पुगेपछि उनले ज्यामी भई आमाबाबुहरूको पोषण गर्नथाले। बाबु खसेपछि आमालाई पोषण गर्नथाले।

त्यसबखत बाराणशीका राजा मृगशिकार गर्न खुब रुचाउँदथे। एकदिन उनी ठूलो परिवार साथमा लिई एक दुइ योजन बाटो गएर जंगलभित्र पसी "जसको ठाउँबाट मृग भागेर जानेछ उ त्यो मृगद्वारा पराजित भएको मानिने छ" भनी सबैलाई सुनाए।

अमात्यहरूले राजाकोनिमित्त मृगहरू नित्य जाने स्थान बारी कोठा जस्तो बनाइदिए। मृगहरू बस्ने ठाउँ घेरेर मानिसहरूले होहल्ला मच्चाए। अनि फण्पि भन्ने मृगराजा बस्ने ठाउँनिर लागे। राजाले उसमाथि तीर छाडे। माया जान्ने सो मृगले आफ्नो अगाडि तीर आइरहेको देखेर तीर लागे जस्तो गरी लड्यो। मृगलाई हानें भनी मृग समात्न राजा दोडेर गए। मृग उठेर वायु वेगले भागेर गयो। अमात्यहरू हाँस्नथाले।

राजा मृगलाई लखेट्दा लखेट्दै थाकी (मारेको मृगलाई) दुइ फ्याक पारी एउटा लट्ठीमा झुण्डाई खरपन बोकेको जस्तो गरी बोकेर आएर एकछिन विश्राम लिनुपर्‍यो भनी बाटोनिरको एक वट-वृक्षतिर गई लेट्दा निदाए। त्यस वट-वृक्षमा बसेको मखादेव भन्ने यक्षले "त्यहाँ आएकालाई खानसक्छ" भन्ने वचन वैश्रवण राजाबाट पाएको थियो। अनि राजा उठेर जानलाग्दा "पख! पख!! तिमी मेरो आहार हौ" भनी उसको हात समात्यो।

Downloaded from http://dhamma.digital

"तिमी को ह्वौ ?"

"म यहाँ बस्ने यक्ष हुँ। यो ठाउँमा पस्नेलाई मैले खान पाउँछु।"

राजाले होसराखी "के तिमीले आज एकदिन मात्र खान्छौ कि सँधैभरि खानेछौ ?" भनी सोधे।

"पाएमा सँधैभरि खानेछु।"

"आज यो मृगको मासु खाई मलाई छाडिदेऊ। भोलिदेखि तिमीलाई एक थाली भातको साथ एउटा मानिस पठाइदिने छु।"

"त्यसोभए अप्रमादि होऊ। नपठाएको दिनमा तिमीलाई नै खानेछु।"

"म बाराणशीको राजाहुँ। मसँग नपुग केही छैन।"

उनको प्रतिज्ञा लिई यक्षले उनलाई छाडिदियो।

नगरमा गइसकेपछि उनले यो कुरा अर्थचर अमात्यलाई भनी "अब के गर्नुपला ?" भनी सोधे।

"देव ! दिन परिच्छेद गर्नु भएको छ कि छैन ?"

"गरेको छैन।"

"तपाइले अयोग्य गर्नुभयो। यस्तो गर्नु भएता पनि धन्दा नमान्नुहोस्। क्यालखानामा धेरै कैदीहरू छन्।"

"त्यसोभए तिमीले यो काम गर। मलाई जीवन देऊ।"

अमात्यले "हुन्छ" भनी स्वीकार गऱ्यो।

Downloaded from http://dhamma.digital

कसैलाई थाहा नदिई दिनदिनै झ्यालखानाबाट मानिस निकाली एक एक मानिसलाई भातको थाली सहित यक्षकहाँ पठाउन थाल्यो। यक्षले भात मात्र होइन मानिसलाई पनि खान्थ्यो। हुँदा हुँदा पछि मनुष्य शून्य झ्यालखाना भयो।

भात लैजाने मानिस नपाएपछि मरण भयले राजा कम्पित भए। अनि अमात्यले राजालाई आश्वासन दिंदै—"देव ! जीवनको आशाभन्दा धनको आशा बढ्ता हुन्छ। अतः हात्तीमा एकहजारको वस्तु राखी 'को यो धन लिएर यक्षलाई भात पुऱ्याउन जान सक्छ ?' भनी भेरी बजाउन लगाउने छु" भनी त्यसै गराउन लगायो।

बोधिसत्वले सोच्नथाले—"ज्यालाबाट चौथाई र आधा चौथाई एकत्रितपारी कष्टपूर्वक आमाको पोषण गरेकोछु। यो धन लिई आमालाई दिएर यक्षकहाँ जानेछु। यदि यक्षलाई दमन गर्न सकें भने ठीकै छ। सकिन भने आमाले त सुखपूर्वक जीवन बिताउने छिन्।"

सो कुरा उनले आमालाई बताए। "तात ! मलाई धनको आवश्यकता छैन" भनी दुइ पटकसम्म प्रतिक्षेप गरेपछि तेश्रोपटक आमासंग नसोधिकनै "आर्य ! एकहजार ल्याउनुहोस्। म भात पुऱ्याउने छु" भनी एकहजार लिई आमालाई दिई "आमा ! चिन्ता नगर्नुहोस्। यक्षलाई दमन गरी महाजनहरूको स्वस्ति गरी आँसुले भरिएको तपाइको अँध्यारो मुखलाई आजै हसाउने छु" भनी आमालाई वन्दना गरी राजपुरुषहरूको साथ राजाकहाँ गई वन्दना गरी उभिइरहे।

Downloaded from http://dhamma.digital

राजाले "तात ! के तिमी भात लैजान्छौ ?" भनी सोध्दा "हो देव !" भनी भने ।

"तिमीलाई के चाहिन्छ त ?"

"देव ! तपाइको सुनको खराऊ ।"

"किन ?"

"देव ! सो यक्षले रुखमनि जमिनमा उभिएकालाई खान पाउँछ । म चाहिं उसको भूमिमा नउभिई खराऊमा उभिने छु ।"

"अर्को के चाहिन्छ त ?"

"देव ! तपाइको छत्र ।"

"यो किन नि ?"

"देव ! यक्षले उसको रुखको छायाँमा उभिइनेलाई खान पाउँछ । म चाहिं उसको रुखको छायाँमा नउभिई छाताको छायाँमा उभिने छु ।"

"अरू के चाहिन्छ त ?"

"देव ! तपाइको खड्ग ।"

"यसको के काम ?"

"देव ! अमनुष्यहरू पनि आयुध भएकासँग डराउँछन् ।"

"अरू के चाहिन्छ त ?"

'देव ! सुनको थालभरी तपाइले खाने भात चाहिन्छ ।"

Downloaded from http://dhamma.digital

"तात ! के कारणले ?"

"देव ! म जस्ता पण्डित पुरुषले माटोको भाँडामा रुक्ष भात लैजानु उचित हुँदैन ।"

"हुन्छ तात !" भनी राजाले सबै वस्तुहरू दिलाई उनको प्रबन्धको लागि कामकाज गर्न मानिसहरूको पनि व्यवस्था गराइदिए ।

"महाराज ! नडराउनुहोस् । आज यक्षलाई दमन गरी तपाइको स्वस्ति गरी आउनेछु" भनी बोधिसत्वले राजालाई वन्दना गरी उपकरणहरू लिन लगाई रुखको नजिकमा मानिसहरूलाई उभ्याई सुनको खराऊमा उभिई खड्ग भेरी सेतो छत्र ओढी सुनको भाँडामा भात लिएर उनी यक्षकहाँ गए। बाटो हेरिरहेको यक्षले उनलाई देखेर "यो पुरुष अरू दिनमा आएकाहरू झैं आएको छैन । के कारण रहेछ ?" भनी सोच्न थाल्यो ।

रुख नजिक गई तरबारको टुप्पोले भातको भाँडो छायाँको भित्रतिर घच्याडी छायाँको अन्ततिर उभिई बोधिसत्वले प्रथम गाथा भने—

"राजा ते पाहेसि सुचिमंसूपसेचनं ।
मखादेवस्मि अधिवत्थे एहि निक्खम भुञ्जस्सू'ति ।।"

अर्थ—

"राजाले तिम्रो लागि मासुसहित असल खाना पठाएका छन् । मखादेव वृक्षमा बस्ने हे यक्ष ! निस्केर आई खाना खाऊ ।"

Downloaded from http://dhamma.digital

यो सुनेर "यो पुरुषलाई कुक्याएर छायाँको भित्र आएपछि खाना खानेछु भनी यक्षले सोचेर दोश्रो गाथा भन्यो—

"एहि माणव ओरेन भिक्खमादाय सूपितं ।
त्वञ्च माणव भिक्खा च उभो भक्खा भविस्सथा'ति ।।"

अर्थ—

"हे माणव ! सूप सहित भिक्षा लिएर अलि यतातिर आऊ । माणव ! तिमी र भिक्षा दुबै भक्ष नै हुन् ।"

यो सुनेर बोधिसत्वले दुइवटा गाथा भने—

"अप्पकेन तुवं यक्ख थुल्लमत्थं जहिस्सति ।
भिक्खं ते नाहरिस्सन्ति जना मरणसञ्ञिनो ।।

"लद्धायं यक्ख तव निच्चभिक्खं,
सुचिं पणीतं रससा उपेतं ।
भिक्खञ्च ते आहरियो नरो इध,
सुदुल्लभो होहिति खादिते मयी'ति ।।"

अर्थ—

"हे यक्ष ! सानो कारणमा तिमीले ठूलो लाभ गुमाउँदै छौ । (यदि मलाई खान्छौ भने) 'मर्नेछु' भन्ने संज्ञाले कसैले पनि तिमीलाई भिक्षा ल्याउने छैन ।

Downloaded from http://dhamma.digital

"हे यक्ष ! तिमीलाई यो सुचि, उत्तम तथा सुरस भोजन नित्य प्राप्त हुँदैछ । यदि मलाई खान्छौ भने तिमीलाई भिक्षा ल्याउने मानिस यहाँ दुर्लभ हुनेछ ।"

भनाइको तात्पर्य यो हो—यदि यो भिक्षा लिएर आउने मलाई खान्छौ भने फेरि भिक्षा ल्याउने मानिस दुर्लभ हुनेछ । किन भने—म जस्तो पण्डित यो बाराणशीमा अरू कोही छैन । अतः मलाई खाएको खण्डमा "सुतनु जस्तालाई त यक्षले खान्छ भने अरूलाई खानमा उ के लजाउला र ?" भनी तिमीलाई भात ल्याउने पुरुष दुर्लभ हुनेछ । अनि तिमीलाई यहाँदेखि भोजन पनि दुर्लभ हुनेछ । तिमीले हाम्रा राजालाई पनि समात्न सक्ने छैनौ । किनभने वृक्षबाट बाहिर रहेको हुनाले । यदि यो भोजन गरेर मलाई छाड्छौ भने म गएर राजालाई भनेर नित्य भोजन पठाउन लगाइदिनेछु । मलाई पनि तिमीले खान सक्ने छैनौ । किनभने म तिम्रो भूमिमा उभिएको छैन । म खराऊमा उभिइरहेको छु । वृक्षको छायाँमा पनि म उभिइरहेको छैन । म चाहिं मेरो छाताको छायाँमनि उभिइरहेको छु । यदि मेरो कुरा मान्दैनौ भने म तिमीलाई यही खड्गले टुक्रा टुक्रा पारिदिने छु । आज म यही कुराकोनिमित्त तमतयार भएर यहाँ आएको हुँ । यसरी महासत्वले तर्जन गरे ।

"माणवले ठीक भन्दैछ" भनी विचार गरी प्रसन्न चित्तले यक्षले दुइ गाथा भन्यो—

"ममेव सुतनो अत्थो यथा भाससि माणव ।
मया त्वं समनुञ्ञातो सोत्थि पस्ससि मातरं ।।

Downloaded from http://dhamma.digital

"खग्गं छत्तञ्च पातिञ्च गच्छेवादाय माणव ।
सोत्थि पस्सतु ते माता त्वञ्च पस्साहि मातरन्ति ।।"

अर्थ—

"हे सुतनु माणव ! जुन कुरा तिमी भन्दैछौ त्यो मेरो भलोको-निमित्त हो । म तिमीलाई वचन दिन्छु, सकुशल गएर आमाको हेरचाह गर ।

"हे माणव ! खड्ग, छत्र र भातको भाँडो पनि लिएर जाऊ । तिम्री आमालाई राम्ररी हेर । तिम्री आमाले पनि तिमीलाई राम्ररी हेरुन् ।"

यक्षको कुरा सुनी 'मेरो काम सफल भयो । मैले यक्षलाई दमन गरें । धेरै धन पनि पाएँ र राजाको वचन पनि पालन गरें" भनी सन्तुष्ट भएका बोधिसत्वले यक्षको अनुमोदन गर्दै अवशान गाथा भने—

"एवं यक्ख सुखी होहि सह सब्बेहि ञातिहि ।
धनञ्च मे अधिगतं रञ्ञो च वचनं कतन्ति ।।"

अर्थ—

"हे यक्ष ! यस्तै गरी तिमी पनि सबै ज्ञातिहरूका साथ सुखी होऊ । मैले धन पनि पाएँ राजाको वचन पनि पालन गरें ।"

Downloaded from http://dhamma.digital

यति भनेर फेरि यक्षलाई सम्बोधन गर्दै—"हे सौम्य ! तिमी अघि अकुशलकर्म गरी कर्कश र निष्ठुर भई अर्काको रगत र मासु खाने भई जन्म्यौ । अब उप्रान्त प्राणिहिंसादि नगर" भनी शीलको गुण र दुश्शीलको दुष्परिणामको कुरा सुनाई यक्षलाई पञ्चशीलमा प्रतिष्ठित गराई "किन जंगलमा बस्छौ आऊ, नगरद्वारनिर बसाली तिमीलाई अग्रभात प्राप्त गराइदिने छु" भनी यक्षसंगै निस्केर खड्गादि वस्तुहरू यक्षलाई नै समात्न लगाई बाराणशीमा गए ।

"सुतनु माणव यक्षलाई लिएर आउँदै छन्" भनी राजालाई सुनाए ।

अमात्यहरूले प्रवृत्त भएका राजाले बोधिसत्वको अगवानी गरे । यक्षलाई नगरद्वारनिर बसाल्न लगाई अग्रभात लाभी गराई नगरभित्र गई भेरी बजाउन लगाई नागरिकहरू एकत्रित पारी बोधिसत्वको गुण बखान गरी उनलाई सेनापति स्थान दिए । स्वयं पनि बोधिसत्वको अंतबुद्धिमा रही दानादि पुण्यहरू गरी राजा स्वर्गपरायण भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा मातृपोषक भिक्षु स्रोत्तापत्तिफलमा प्रतिष्ठित भए ।

"त्यसबखतको यक्ष अङ्गुलिमाल भएको थियो । राजा आनन्द र माणव चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

Downloaded from http://dhamma.digital